"समुन्नत विहादी, सम्मानित विहादीवासी"

# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकीठाँटी, पर्वत
## गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :- ०८३/८४
चलानी नं. :-

मिति :- २०८२।०६।०८
ने.स. ११४६ ञंलाथ्व १३, विहीबार

**सूचना नं.: ३४**

**विषय: सम्पूर्ण विहादी गाउँपालिकावासीहरूमा उच्च सतर्कता अपनाउने सम्बन्धी अत्यन्तै जरूरी सूचना !!**

नेपाल मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाको पूर्वानुमान तथा पूर्वजानकारी अनुसार मिति २०८३।०६।०८ गतेदेखि १२ गतेसम्म भारी/अति भारी वर्षा हुने सम्भावना रहेको हुदाँ उक्त अवधिमा बाढी, पहिरो, डुबान, भू-क्षय तथा अन्य विपदजन्य जोखिम बढ्न सक्ने भएकाले सम्पूर्ण गाउँपालिकाबासीहरूलाई उच्च सतर्कता अपनाउन हार्दिक अनुरोध गर्दछौँ। विशेषगरी नदी, खोला, खोल्सा, पुल पुलेसा, भिरालो जमिन तथा पहिरोको जोखिमयुक्त क्षेत्रमा अनावश्यक आवतजावत नगर्न/नगर्नुहुन, अत्यावश्यक कामबाहेक लामो दुरीको यात्रा नगर्नुहुन तथा वर्षाको समयमा जोखिमयुक्त स्थानमा बसोबास नगर्न तथा विशेष सावधानी अपनाउनुहुन अनुरोध छ।

सम्भावित विपद्बाट हुन सक्ने क्षति न्यूनिकरणका लागि आफ्नो परिवारका सदस्य, बालबालिका, जेष्ठ नागरिक तथा अशक्त व्यक्तिहरूको सुरक्षामा विशेष ध्यान दिनुहुन, पशुचौपाय तथा आवश्यक खाद्यान्न, औषधी, खानेपानी लगायत अत्यावश्यक सामाग्री सुरक्षित स्थानमा व्यवस्थापन गरी राख्नुहुन अनुरोध गर्दछौँ। वर्षाका कारण सडक तथा यातायत अवरूद्ध हुनसक्ने सम्भावनालाई मध्यनजर गर्दै आवश्यक पूर्वतयारी अपनाउनुका साथै कुनै विपद्जन्य घटना वा जोखिमको अवस्था देखिएमा/भेटिएमा तत्काल सम्बन्धीत वडा कार्यालय, गाउँपालिका, सुरक्षा निकायमा जानकारी गराउनुहुन समेत अनुरोध गर्दछौँ।

थमन बहादुर रेश्मी
प्रमुख प्रशासकीय अधिकृत

**सम्पर्क नम्बरहरू :-**

| | | |
|---|---|---|
| १) | प्रमुख प्रशासकीय अधिकृत | ९८५७६५०८७१ |
| २) | सूचना अधिकारी | ९८६७७६७१४६ |
| ३) | विपद् शाखा प्रमुख | ९८४७०१३१३४ |
| ४) | ईलाका प्रहरी कार्यालय हुवास् | ९८५७६९०२०० |